का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० असार २०८०,
शनिबार
15 July 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १७० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# भयावह लम्पी स्किन

## ■ चार महिनामा २७ हजार पशु मरे ■ आठ लाख संक्रमित

नेपालमा देखा परेको चार महिनामै लम्पी स्किनले भयावहको रुप लिएको छ । २७ हजार पशु चौपाया मरिसकेको र आठ लाख संक्रमित भएका छन् भने नियन्त्रण गर्न नसके ठूलो क्षति हुने विज्ञको अनुमान छ ।



*हिमाली जिल्ला मनाङमा पहिलो पटक गोरुमा लम्पी स्किन रोग देखिन थालेपछि चेकजाँच गर्दै पशु स्वास्थ्य प्राविधिक । मनाङमा लम्पी स्किन देखिएसँगै यो रोग ७७ वटै जिल्लामा फैलिएको छ । तस्बिर: नारायण कुसुम*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ असार ।

लम्पी स्किनले किसानहरु ठूलो मारमा परेको पाइएको छ । सरकारी तथ्याङ्क अनुसार नेपालमा देखा परेको चार महिनामै लम्पी स्किनले भयावहको रुप लिएको छ । यस अवधिमा २७ हजार पशु चौपाया मरिसकेका छन् भने आठ लाख संक्रमित भएका छन् । यसलाई नियन्त्रण गर्न नसके ठूलो क्षेति हुने विज्ञको अनुमान छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका पशुपन्छी विकास सचिव दीपककुमार खराल रोग नियन्त्रण गर्न खोपलाई प्राथमिकता दिइएको बताउँछन् । उनका अनुसार सरकारले लम्पीबाट पीडित किसानलाई सहयोग गर्न विभिन्न बाटो खोजिरहेको छ । दातृ निकाय संघ/संस्थासँग पनि अनुरोध गरिएको छ । किसानसमक्ष खोप, ज्वरोको औषधि, मलहमलगायत पुऱ्याउन अर्थ मन्त्रालयलाई १० करोड रकमान्तरण गरी स्थानीय तहमा पठाउन आग्रह गरिएको छ ।

पशु सेवा विभागका सूचना अधिकारी चन्द्र ढकालले रोग नियन्त्रणका लागि विभाग र मातहतका निकाय, प्रदेश सरकार मातहतका निकाय तथा स्थानीय तहमा कार्यरत पशु स्वास्थ्यकर्मीहरु परिचालित गरिएको बताए । उनका अनुसार लम्पी स्किन रोग निदानका लागि १० लाख ३७ हजार डोज खोप आयात भएको छ । आयातित खोपमध्ये २ लाख २२ हजार ७ सय ५१ पशुलाई लगाइएको पशु सेवा विभागले जनाएको छ । पशु सेवा विभागका सूचना अधिकारी ढकालका अनुसार ती खोप सुनगाभा भेट फर्मा, कान्तिपुर भेट फर्मा, वनदेवी भेट फर्माले आयात गरेका हुन् ।

### संसदमा प्रश्न– सरकार के गर्दैछ ?




सरकारले लम्पी स्किनलाई जति गम्भीरताका साथ लिनुपर्दथ्यो, जुन तदरुकता देखाउनु पर्दथ्यो, उपचारमा लाग्नु पर्दथ्यो र खोपहरु जसरी प्रभावकारी ढंगले वितरण गर्नुपर्दथ्यो त्यसमा सरकारले उदासिनता देखाएकोले किसानहरुले ३७ अर्बको क्षति ब्यहोर्नु परेको छ ।

■ **पदम गिरी**
**प्रमुख सचेतक, एमाले**

लम्पी स्किनले भयावहको रुप लिँदा समेत सरकारले प्रभावकारी रुपमा नियन्त्रणको कार्य गर्न नसकेको भनेर संसदमा प्रश्न उठेको छ ।

प्रमुख प्रतिपक्षी नेकपा एमालेका प्रमुख सचेतक पदम गिरी भन्छन्, 'अवस्था विकराल हुँदा पनि सरकारले त्यसलाई जति गम्भीरताका साथ लिनुपर्दथ्यो, जुन तदरुकता देखाउनु पर्दथ्यो र उपचारमा लाग्नु पर्दथ्यो र खोपहरु जसरी प्रभावकारी ढंगले वितरण गर्नुपर्दथ्यो त्यसमा सरकारले उदासिनता देखाएकोले किसानहरुले ३७ अर्बको क्षति ब्यहोर्नु परेको छ ।

नेपाली कांग्रेस सांसद रामहरि खतिवडा लम्पी स्किन रोगले सबैतिर प्रभावित बनाउँदा सरकार थप जिम्मेवार हुनुपर्ने बताउँछन् । यो पहाडमा झनै विकराल अवस्था भएको छ । गोरु मर्दा पहाडमा खेत नै बाँझो बस्ने अवस्था छ' उनले प्रतिनिधिसभाको बैठकमा भने । राप्रपाकी सांसद रोशन कार्कीले पनि लम्पी स्किनको रोकथामका लागि सरकारी योजना के छ भनी प्रश्न गरिन ।




### सभामुखको रुलिङ
## लम्पी स्किनबारे थाहा चाहियो

सभामुख देवराज घिमिरेले लम्पी स्किन रोग रोकथामबारे गरेका कामकारबाहीको जानकारी गराउन सरकारलाई निर्देशन दिएका छन् ।

प्रतिनिधिसभाको बैठकमा निरन्तर यो विषय उठिरहेको उल्लेख गर्दै उनले यस्तो निर्देश गरेका हुन् ।

'लम्पी स्किनका विषयमा विगतमा र आज (शुक्रबार)को बैठकमा कुरा उठेको छ । यस सम्बन्धमा स्पष्ट पार्न र यो रोगको रोकथामका बारेमा सदनलाई जानकारी गराउन सम्बन्धित मन्त्रीलाई निर्देश गर्दछु' सभामुख घिमिरेले शुक्रबारको प्रतिनिधिसभाको बैठकमा भने ।

### काठमाडौंमा अमेरिकी साहायक विदेशमन्त्री लु
# अर्थपूर्ण भेटघाट

काठमाडौंस्थित अमेरिकी दूतावासले बिहीबारमात्रै लुको भ्रमणका विषयमा औपचारिक जानकारी दिएको थियो । भोलिपल्टै शुक्रबार उनी नेपाल आए र शीर्ष नेताहरुसँग अर्थपूर्ण भेटघाट गरे ।



नेपाल-अमेरिका सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा रचनात्मक छलफल भयो । नेपालको विकास, शान्ति, लोकतन्त्रको प्रवर्द्धनमा अमेरिकी सरकारको अटल सहयोगका लागि कृतज्ञता व्यक्त गर्दछु ।

● **शेरबहादुर देउवा**
**सभापति, कांग्रेस**



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २९ असार ।

दक्षिण तथा मध्य एसिया हेर्ने अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले नेपाल भ्रम्ण गरेका छन् । एक दिने भ्रमणका क्रममा शुक्रबार दिउँसो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अवतरण गरेका लुले रफ्तारमा नेपाली नेताहरुसँग भेटघाट गरे ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, परराष्ट्रमन्त्री एनपी साउद लगायतसँग शिष्टाचार भेटवार्ता गरे ।

शुक्रबार अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लूले कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवासँग पहिलो भेटवार्ता गरे । देउवालाई भेट्न लू धुम्बराहीस्थित उनकै निवास पुगेका थिए ।

लूसँगको भेटवार्ता फलदायी भएको देउवाले बताएका छन् । 'नेपाल-अमेरिका सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा रचनात्मक छलफल भयो । नेपालको विकास, शान्ति, लोकतन्त्रको प्रवर्द्धनमा अमेरिकी सरकारको अटल सहयोगका लागि कृतज्ञता व्यक्त गर्दछु' भेटपछि देउवाले सामाजिक सञ्जाल ट्वीटरमा सन्देश लेखेका छन् ।

देउवा प्रधानमन्त्री रहेको समयमा लू नेपाल भ्रमणमा आएका थिए । लूले नेपाल भ्रमण गरेको केही समयपछि प्रतिनिधि सभाबाट अमेरिकी आर्थिक सहयोग कार्यक्रम मिलेनियम च्यालेन्ज कर्पोरेसन एमसीसी अनुमोदन भएको थियो ।

काठमाडौंस्थित अमेरिकी दूतावासले बिहीबार मात्रै लुको भ्रमणका विषयमा औपचारिक जानकारी दिएको थियो । भोलिपल्टै शुक्रबार नेपाल आएर शीर्ष नेताहरुसँग रफ्तारमा भेटघाट गरे ।

लु यसअघि नेपालमा एमसीसी प्रतिनिधि सभाबाट पारित गर्न हुने वा नहुने भन्ने चर्को बहस भएका बेला काठमाडौं आएर नेपाल सरकारका उच्च सरकारी प्रतिनिधिहरूसँग भेटघाट गरेर फर्किएका थिए । त्यस समयमा उनको नेपाल भ्रमण र राजनीतिक भेटघाटले निकै चर्चा पाएको थियो ।





### मिटरब्याजसम्बन्धी विधेयक
# प्रक्रियामा अल्झिए दलहरु

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २९ असार ।




मिटरब्याज सम्बन्धी विधेयकलाई अगाडि बढाउने विषयलाई लिएर राजनीतिक दलहरु विभाजित भएका छन् । सरकार र सत्तारुढ दलहरु प्रतिस्थापन विधेयक अगाडि बढाउने पक्षमा छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमाले नमिल्ने बताउँछ ।

संसदमा बिचाराधीन भनिएको मिटरब्याज सम्बन्धी प्रतिस्थापन विधेयक म्याद सकिएको निर्जीव विधेयक भएको एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङको भनाइ छ । ६० दिनभित्र पास हुन नसक्दा प्रतिस्थापन विधेयकको अवस्था शून्य भएको उनको भनाइ छ ।

स्वीकृत अध्यादेश प्रतिस्थापन गर्ने विधेयक अगाडि बढाउने सम्बन्धी व्यवस्था प्रतिनिधिसभा नियमावलीको नियम ९९ मा छ । 'अध्यादेश प्रतिस्थापन गर्ने विधेयक संविधानको धारा ११४ बमोजिमको अवधिभित्र पारित गरी राष्ट्रपतिबाट प्रमाणीकरण भई सक्नु पर्नेछ' नियमावली ९९ को नियम (३) मा छ ।

> मिटरब्याजसम्बन्धी विधेयकलाई अगाडि बढाउने विषयलाई लिएर राजनीतिक दलहरु विभाजित भएका छन् ।

संविधानको धारा ११४ मा अध्यादेश सम्बन्धी व्यवस्था छ । संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने संवैधानिक व्यवस्था छ । तर त्यस्तो अध्यादेश जारी भएपछि बसेको संघीय संसदको दुवै सदनमा पेश गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुने भनिएको छ । '...निष्क्रिय वा खारेज नभएमा दुवै सदनको बैठक बसेको साठी दिन पछि स्वतः निष्क्रिय हुनेछ' संविधानको धारा ११४ को उपदफा »» पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष
# संघद्वारा बदमासी गर्ने अध्यागमनका कर्मचारीमाथि छानबिनको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असार

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई बदिनयतले रोक्ने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका कर्मचारीहरूमाथी छानबिन गरी कारबाहीको दायरामा ल्याउन माग गरेको छ ।

अध्यागमन कार्यालयले असार २४ गते एयर अरेबियाबाट जोर्डन जान लागेका १५ जना, २७ गते सलाम एयरलाइन्सबाट कुवेत जान लागेका १ सय १ जना र कुवेत एयरलाइन्सबाट कुवेत जान लागेका १६ जना श्रम स्वीकृति प्राप्त कामदारलाई रोकेको थियो ।



कुवेत र जोर्डन जान लागेका श्रम स्वीकृति प्राप्त कामदारहरूलाई अध्यागमन कार्यालयले बिना कारण रोकेको भन्दै आपत्ति जनाएको संघले उक्त कार्य आपत्तिजनक र बदनियतपूर्ण रहेको समेत बताएको छ । अध्यागमन कार्यालयले बिना आधार कामदार रोकेर फर्काएको भन्दै बिहीबार उपप्रधान एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीलाई भेटेर ज्ञापनपत्र बुझाएको संघले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै श्रम स्वीकृति प्राप्त कामदार विमानस्थलमा रोकिनु गम्भीर चिन्ताको विषय भएकाले चुप लागेर नबस्ने बताएको छ ।

पत्रकार सम्मेलनमा संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगार ऐन र नियमावलीले तोकेको प्रक्रिया पूरा गरेका कामदारहरूलाई बिना कारण विमानस्थलबाट फर्काउने काम निन्दनीय रहेको बताए । अध्यागमन कर्मचारीले उड्न लागेका कामदार रोक्दा हवाई टिकटबापत करोडौंको क्षति भएकाले गल्ती गर्ने कर्मचारीले त्यसको क्षतिपूर्ति तिर्नुपर्ने माग गरे ।

उनले भने, 'लामो समयको प्रतीक्षा र ठूलो रकम लगानी गरी दुरदराज ग्रामिण बस्तीबाट आएका कमजोर आर्थिक अवस्थामा रहेका कामदारहरूलाई अनावश्यक दुःख दिएर रोजगारबाट बञ्चित गराउने उद्देश्यबाट अध्यागमनमा रोकिएको छ । कतिपयलाई बोर्डिङ लिएर अध्यागमन चेकजाँचको प्रक्रिया पूरा गरी राहदानीमा डिपार्चर्डको छाप लगाएपछि फर्काएर पासपोर्टमा अपराधीलाई फर्काएजस्तो डिपोर्ट अर्थात् फिर्ताको छाप लगाइएको छ । यसका कारण कामदारमाथि दीर्घकालीन असर हुन्छ, उनीहरूले यसको पनि क्षतिपूर्ति पाउनुपर्छ ।'

अध्यक्ष भण्डारीले वैदेशिक रोजगार विभागले कामदारको मागपत्र, भिसा, उडान निश्चित भएको हवाई टिकट हेरेर अन्तिम श्रम स्वीकृति »» पृष्ठ २ मा

# 'खर्च भएको देखाउनकै लागि आयोजना गरिने कार्यक्रममा सहभागी हुन्न'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असार



संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमन लाल मोदीले खर्च भएको देखाउनका लागि फाइभस्टार होटलमा आयोजना गरिने कार्यक्रममा आफू उपस्थित नहुने बताएका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वैदेशिक सहायताबाट सञ्चालित कार्यक्रमको समीक्षा गर्न चन्द्रागिरीमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री मोदीले यस्तो बताएका हुन् ।

मन्त्री मोदीले कार्य सम्पादन प्रभावकारी भएर गरिने समीक्षात्मक छलफल तथा अन्तर्क्रियामा भने आफू उपस्थित हुने बताए । उनले भने, 'सम्झौता बमोजिम कार्य सम्पन्न भएर आयोजना गरिने समीक्षात्मक छलफल तथा अन्तर्क्रियामा म आउँछ, तर वैदेशिक सहायताको पैसा खर्च गर्नकै लागि आयोजना गरिने बैठक अन्तर्क्रियामा म आउँदिन ।'

खर्च भएको देखाउनकै लागि कर्मचारीहरु असार मसान्तमा दिनहुँ फाइभस्टारका कार्यक्रममा मात्रै व्यस्त हुन थालेको मन्त्री मोदीको भनाइ थियो ।

'असार मसान्तको समय छ, कर्मचारीहरु अहिले जनताको सेवामा भन्दा पनि फाइभस्टारका कार्यक्रममा व्यस्त छन् । कर्मचारीको यो दिनचर्याबाट सुशासन सम्भव छैन' उनले भने ।

वैदेशिक सहायताको वास्तविक मर्मअनुसारको काम हुन नसकेको बताउँदै उनले भने, 'वैदेशिक सहायताको मर्म जे हो, त्यो अनुसारको कुनै पनि काम हुन सकेको छैन, खर्च भएको देखाउन महँगो होटल ताक्ने बेथिति बढेको छ, यसको रोकथाम आवश्यक छ ।'

उनले मन्त्रालय मातहतको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले लक्ष्यअनुरुपको बजेट खर्च गर्न नसकेकोमा पनि असन्तुष्टि जनाएका छन् । 'हाम्रै मन्त्रालय मातहतको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम( पएलजीएसपी)ले पनि लक्ष्य अनुरुपको बजेट खर्च गर्न सकेन, यसबारे गम्भीर समीक्षा जरुरी आवश्यकता छ' उनले भने ।

मन्त्री मोदीले वैदशिक सहायतालाई लक्षित वर्गसम्म पुऱ्याउन जरुरी भएको समेत बताएका छन् । लक्षित वर्गसम्म वैदेशिक सहायताको रकम पुग्न नसक्ने कार्यक्रमको लक्ष्य पनि पूरा हुन नसकेको उनको भनाइ थियो ।

वैदेशिक सहायतासँग सम्बन्धित प्रतिनिधिहरुलाई कर्मचारीहरुले अनेकन बहानामा दुःख दिने गरेको गुनासो पनि आफूले सुनेको बताउँदै मन्त्री मोदीले भने, 'आफू अनुकुलताको कुरा राखेर, लोभ र लालच देखाएर यो वा त्यो बहानामा कर्मचारीहरुले वैदेशिक सहायताका प्रतिनिधिहरुलाई घुमाइराखेको गुनासो पनि सुनेको छु, अब कर्मचारीबाट यो वा त्यो बहानामा असहयोग भए मलाई सिँधा सम्पर्क गर्नुहोला ।'

# साउनदेखि सशुल्क विदेशी च्यानल बन्द

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असार

साउन १ गतेदेखि विदेशी च्यानल बन्द हुने भएका छन् । सरकारले सोमबार अथार्त् साउन १ गतेदेखि सबै सशुल्क प्रसारण हुन विदेशी च्यानल बन्द गर्न लागेको हो ।

सूचना तथा प्रशारण विभागले शुक्रबार एक विज्ञप्ति जारी गर्दै 'अला कार्ट' शुल्क प्रणालीका लागि सरकारले मागेबमोजिम बुकेहरु (च्यानलहरुको प्याकेजहरु) प्राप्त नभएको भन्दै विदेशी च्यानल बन्द गर्न लागेको जनाएको छ ।

भारतीय सःशुल्क (पे) टीभी च्यानल प्रसारक संस्थाहरुले नेपालको 'अला कार्ट' प्रणाली लागू गर्न सहयोग नगर्ने बताएपछि विभागले सम्बद्ध सबैलाई सरकारी निर्णयलाई दृढतापूर्वक सहयोग गर्न विज्ञप्तिमार्फत अपिल गरिएको छ ।

भारतीय च्यानहरुको छाता संगठन इण्डियन ब्रोडकास्टिङ एण्ड डिजिटल फाउन्डेसनले सूचना तथा प्रसारण विभागलाई पत्राचार गर्दै च्यानलहरुको बुके बनाएर मूल्य तोक्ने र प्रत्येक च्यानलको छुट्टा छुट्टै मूल्य तोक्ने कुरा मान्य नहुने जानकारी गराएको छ । यसको प्रतिक्रिया स्वरुप सरकारले विदेशी च्यानलको प्रसारण रोकिने अवस्था आएको जानकारी दिएको हो ।

विभागका प्रवक्ता सुदीप भट्टराईद्वारा जारी विज्ञप्तिमा सरकाले मागअनुसार बुके र शुल्क नबुझाएकाले अला कार्ट प्रणाली लागु गर्न अवरोध देखिएको उल्लेख छ । सरकारले २८ असारसम्म विदेशबाट पैसा तिरेर खरिद गरिने विदेशी च्यानलहरुले बुके र यस्तो बुकेमा रहने च्यानलको प्रत्यके च्यानलको छुट्टाछुट्टै मूल्य बुझाउनुपर्ने नियम बनाएपनि कोही पनि तयार नभएका हुन् ।

सोनी, जी, डिस्कभरी, स्टार, कलर्स, एचबीओ, लगायतका विदेशी च्यानलका प्याकेज दिनेहरुले बुकेहरु, त्यसको मूल्य र बुकेमा हुने च्यानलहरुको प्रति इकाइ मूल्य प्रस्ताव नगरेका हुन् । यस्ता च्यानलले नेपालमै प्रतिनिधिहरु तोकेका छन् ।

# लागुऔषधसहित दुई युवा पक्राउ

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर,२९ असार

उदयपुरमा लागुऔषधसहित दुई युवा पक्राउ परेका छन् । त्रियुगा नगरपालिका-६ इलाका प्रहरी कार्यालय जल्जलेबाट खटिएको प्रहरी टोलीले लहानबाट गाईघाटतर्फ आउँदै गरेको बसमा चेकजाँच गर्दा दुई युवालाई लागुऔषधसहित पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा त्रियुगा नगरपालिका -११ साकेलाटोल बस्ने २१ वर्षीय शिव अधिकारी, सोही वडामा बस्ने २० वर्षीय सिताराम चौधरी रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक हरिनन्दन चौधरीले बताए ।

उनीहरुको साथबाट डाईजोपाम -२२ एम्पुल, फेनार्गन-२२ एम्पुल, ब्रुफिनोर्फिन-२२ एम्पुल गरी ६० एम्पुल लागुऔषध बरामद गरिएको प्रहरीको भनाइ छ । पक्राउ परेका दुवै जनालाई जिल्ला प्रहरी कार्यालय उदयपुरमा लागुऔषध मुद्दामा थप अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक चौधरीले बताए ।


## यूएईमा रोजगार

कम्पनी: INTERGRANDE BKC LABOUR SUPPLY L.L.C
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०८०/०३/२९ चलानी नं.: ६०२०४६३१ L.T. No.: 289402

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,८०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper/general Helper | 50 | 0 | | 800 | २८,५३६ | | | | | | | |
| 3. | Mason | 50 | 0 | | 1200 | ४२,८०४ | | | | | | | |
| 4. | Steel Fixer | 50 | 0 | | 1200 | ४२,८०४ | | | | | | | |

अन्तर्वार्ता अञ्जली तालिम केन्द्र, विर्तामोडमा मिति २०८० साउन ७ गते (23 July 2023) मा हुनेछ ।
अन्तर्वार्ता न्यू राम जानकी ट्रेनिङ सेन्टर, जनकपुरमा मिति २०८० साउन ८ गते (24 July 2023) मा हुनेछ ।
अन्तर्वार्ता तिलोत्तमा इन्स्टिच्युट अफ ट्रेड एण्ड टेस्ट सेन्टर, बुटवलमा मिति २०८० साउन ९ गते (25 July 2023) मा हुनेछ ।
अन्तर्वार्ता अर्याल होटल, काठमाडौंमा मिति २०८० साउन १० गते (26 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Ishan International Overseas Pvt. Ltd.
Lic. No.: 1195/073/074
श्रम इजाजत पत्र नं.: ११९५/०७३/०७४
New Baneshwor-34, Kathmandu, Tel.: 01-4796201, 4796202, Fax : 01-4796203
Branch Office: Atithi Sadan Road, Birtamod, Jhapa Tel: +23-590603, 590307
Email: isonepalos@gmail.com, Web.: www.ishanintl.com
Contact No.: Bitamod : 9802074306 | Butwal : 9821913015 | Janakpur: 9845544901


### झुण्डिएको अवस्थामा भेटिए टिचिङ अस्पतालका कर्मचारी

# परिवारले दिए दुरुत्साहनको उजुरी, प्रशासन प्रमुखसहित ४ जना पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असार




त्रिभुवन विश्वविद्यालय मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर महाराजगञ्जका एक कर्मचारी मृत भेटिएका छन् । अस्पतालका फार्मेसी इन्चार्ज अमृत पोखरेल शुक्रबार बिहान झुण्डिएको अवस्थामा मृतावस्थामा फेला परेका हुन् । लगत्तै प्रहरी वृत्त, महाराजगञ्जको टोली घटनास्थलमा पुगेको थियो । अनुसन्धानका क्रममा प्रहरीले सुसाइड नोट पनि फेला परेको थियो । पोखरेल मृत भेटिएपछि दिनभर अस्पतालमा तनावको स्थिति सिर्जना भएको थियो ।

पोखरलेको मृत्युपछि परिवारले आत्महत्या दुरुत्साहनको कसूरमा किटानी जाहेरी दिएका छन् ।

जाहेरी दिएपछि प्रशासन प्रमुख भोजकुमार बस्नेत, फार्मेसी इञ्चार्ज जुना स्थापित, फार्सेसी सहायक विष्णु पौडेल र कृष्ण पन्तलाई प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउ परेका उनीहरुलाई प्रहरी वृत्त, महाराजगञ्जको हिरासतमा राखिएको छ । अस्पतालका अुनसार, पोखरेलसहित ७ जना कर्मचारीलाई बिहीबार मात्रै स्पष्टीकरण सोधिएको थियो । औषधिमा हिनामिना गरेको आरोपमा प्रशासन प्रमुख बस्नेत समेत भएको समितिले छानबिन गरिरहेको थियो । छानबिन भइरहेको बेला पोखरेल मृत भेटिएका हुन् ।

प्रहरीका अनुसार, दुई वटा पानामा भएको सुसाइड नोटमा उनले आफूलाई फसाउन खोजिएको उल्लेख गरेका छन् । उनले सुसाइट नोटमा लेखेका छन्, 'आफूले गल्ती गरेर मलाई फसाउन खोज्ने, ब्ल्याकमेल गर्नेहरुको जय होस् ।' उनले केही साथीहरुलाई उल्लेख गरेर धन्यवाद भनेका छन् भने परिवारबारे पनि लेखेका छन् ।मृतकको परिवारले घटनाको छानबिनका लागि उच्च स्तरीय समितिको माग गरेका छन् ।

# सांसद ढकाल र हङकङ विधान परिषद् सदस्यहरुबीच अन्तरक्रिया



**काठमाडौं/मस-** तीन दिने हङकङको मैत्रीपूर्ण भ्रमणमा रहेका नेपाल परिवार दलका अध्यक्ष तथा संघीय सांसद एकनाथ ढकालले जनगणतन्त्र चीनको विशेष प्रशासनिक क्षेत्र हङकङको विधान परिषद् सदस्यहरुसँग अन्तरक्रिया गरेका छन् ।

सांसद ढकाललाई विधान परिषद भवनमा स्वागत गर्दै हङकङका सांसदहरुले नेपालसँगको सम्बन्ध अत्यन्त घनिष्ट र विशेष रहेको बताउँदै हङकङमा बसोबास गर्ने नेपालीहरुको समेत प्रशंसा गरेका थिए ।

हङकङको विकासमा नेपाली समुदायको उल्लेखनीय योगदान रहेको समेत सांसदहरुले बताएका थिए ।

प्रतिनिधिसभा सदस्य ढकालले हङकङले नेपालको विकासमा गरेको योगदानको उच्च कदर गर्दै हङकङमा बसोबास गर्ने नेपालीहरुको सरोकारका विषय र हितमा सहयोग गर्न सांसदहरुलाई आग्रह गरे ।

सांसद ढकालले हङकङका विधान सभाका सदस्यहरु र नेपालका विधायकहरुबीच सक्रिय आदानप्रदान हुनुपर्ने राय राखेका थिए । छलफलमा हङकङ विधान सभाका सदस्यहरु विङ्ग शून चेङ्ग भिन्सेन्ट, लिल्लियन क्वोक तथा विधान सभाका उच्च पदस्थ अधिकृतहरु सहभागी भएका थिए ।

## संघद्वारा...

दिने भएकाले अध्यागमन कार्यालयका कर्मचारीलाई सो विषयमा चेकजाँच गर्ने अधिकार नै नभएको भन्दै अध्यागमन कर्मचारी क्षेत्राधिकार नभएको विषयमा प्रवेश गरेको बताए ।

उनले भिसा र हवाई टिकटबाहेकका कागजात हेर्ने र कामदारलाई दुर्व्यवहार गरेर उडान अनुमति नदिएको विषयमा गृहमन्त्रीको उपस्थितिमा भएको छलफलमा अध्यागमन कार्यालयका प्रमुख भने जवाफविहीन बनेको पत्रकार सम्मेलनमा बताए । बिना कारण कामदार फर्काएपछि विषयान्तर अर्थात ट्वीस्ट गर्ने घातक प्रवृत्ति देखिएको पनि उनले बताए ।

अध्यक्ष भण्डारीले अध्यागमनले कामदार फर्काउँदा हवाई टिकटबापत ठूलो आर्थिक क्षति पुगेको र समयमा उड्न नपाउँदा कतिपय कामदारको भिसा समाप्त भएर रोजगार नै गुम्ने अवस्था बनेको जानकारी दिए । उनले भने, 'महिला कामदारको विषय उठाएर व्यवसायीसँग ब्ल्याकमेल गर्ने र ढोक्सा थाप्ने सेटिङको चाहना देखियो, तर व्यवसायीलाई त्यो स्वीकार्य छैन ।'

संघका महासचिव मेघनाथ भुर्तेलले कुवेत जान लागेका कामदार फर्काउँदा अध्यागमनले दिएका कारण र आधार वास्तविक व्यवहार तथा सत्य तथ्यसँग मेल नखाएको बताए । कामदार फर्काएको विषयमा प्रमाण संकलनको नेतृत्व गरेका महासचिव भुर्तेलले भने, 'ढिलाइ गरेर विमानस्थलमा आएको भनिएको छ, ११ बजे राति उड्ने कामदार साँझ ६:५५ बजे नै विमानस्थलमा प्रवेश गरेको छ । विमानस्थलमा पुग्न ढिलाइ भएको भए किन र कसरी बोर्डिङ पास प्राप्त भयो ? आधारहिन जवाफ दिएर कामदार र व्यवसायीलाई मुर्ख बनाउने प्रयास भएको छ ।'

महासचिव भुर्तेलले अध्यागमन कार्यालयले कामदारसँग भिसा डबल रहेको बताएको तर प्रक्रियाले नै एउटा मुलुकको डबल भिसा नहुने भएकाले त्यो पनि गलत भएको बताए । महासचिव भुर्तेलले एउटै लटमा धेरै जना रहेको भनेर अध्यागमनले दिएको जवाफ पनि अमिल्दो रहेको भन्दै अध्यागमन कर्मचारीलाई वैदेशिक रोजगार र विदेशबाट आउने भिसाको प्रकृतिका बारेमा पर्याप्त ज्ञान नभएको देखिएको उल्लेख गरे । पत्रकार सम्मेलनमा संघ पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।

## मिटरब्याजसम्बन्धी...

२ को (ग) मा भनिएको छ । संविधान र प्रतिनिधिसभा नियमावलीका यही व्यवस्था देखाउँदै एमाले संसदीय दलका उपनेता नेम्वाङ प्रतिस्थापन विधेयकको म्याद ६० दिन पछाडि पनि अगाडि बढाउन मिल्छ भन्नु गलत हुने बताएका हुन् ।

मिटरब्याज पीडितहरुले आन्दोलन चर्काएपछि सरकारले कानुन बनाएर माग सम्बोधन गर्ने सहमति गरेको थियो । त्यस अनुसार सरकारले गत वैशाख २० गते अध्यादेश ल्यायो । उक्त अध्यादेश बैशाख २४ गते संसदमा पेश भएको थियो ।

कुनै पनि अध्यादेश अधिवेशन शुरु भएपछिको पहिलो बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । त्यसको ६० दिनभित्र प्रतिस्थान विधेयक संघीय संसदले पारित गर्न नसक्दा अध्यादेश मात्रै निष्कृय हुने प्रतिस्थापन विधेयक निष्कृय नहुने तर्क सरकार र सत्ता पक्षीय दलहरुको छ ।

कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङका अनुसार 'मिटरब्याज सम्बन्धी अध्यादेश मऱ्यो । सरकारले ल्याएको विधेयक मरेको छैन् । प्रतिस्थापन विधेयक हुन्छ, आर्थिक विधेयक हुन्छ लगायत विधेयक फरक फरक हुने उलेख गर्दै उनी मिटरब्याज सम्बन्धी प्रतिस्थापन विधेयक पनि विधेयक नै भएको बताउँछन् ।

अध्यादेश र विधेयकलाई छुट्याएर हेर्नुपर्ने र यसो गर्दा सहज समाधान निस्कने उनको भनाइ छ । अध्यादेश ६० दिनभित्र निष्कृय हुने तर विधेयकको आफ्नो प्रक्रिया छ र प्रतिनिधिसभाको कार्यकाल रहँदासम्म जिवित रहने उनको तर्क छ ।


## शुद्धोधन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

### आन्तरिक श्रोत उठाउने सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०३/३०**

शुद्धोधन गाँउपालिकाको आर्थिक ऐन, २०८० को अनुसूचि ११ बमोजिम देहाएको पार्कबाट राजश्व उठाउन ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले आर्थिक बर्ष २०८०/०८१ को लागि स्वीकृत दररेटमा शुद्धोधन पार्कमा प्रवेश टिकट, दर्वाहवा पोखरीमा माछापालन र डुंगा सञ्चालन गरी (आन्तरीक आय) उठाउन ठेक्का बोलकबोल गर्न तपसिलका शर्तको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउ पत्र पेश गर्न इच्छुक ब्यक्ति, फर्म वा सस्थाका लागि यो सूचना आह्वान गरिन्छ ।

**ठेक्काको विवरण**

**ठेक्काको नाम : शुद्धोधन पार्कमा प्रवेश टिकट, दर्वाहवा पोखरीमा माछापालन र डुंगा सञ्चालन**

| विषय शिर्षक | ठेक्कामा लगाउने बस्तुको नाम | न्यूनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | दरभाउपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| आय ०५/०८०/८१ शुद्धोधन पार्क तथा पोखरी | शुद्धोधन पार्कमा प्रवेश टिकट, दर्वाहवा पोखरीमा माछापालन र डुंगा सञ्चालन समेत | ३,००,०००।- (तिन लाख) | १,०००।- | |

**ठेक्काका शर्तहरु**


१. ठेक्का अवधी सम्झौता भएको मिति देखि २०८१ असार मसान्त सम्मको लागि रहने छ ।
२. ठेक्काको दरभाउपत्र खरिद वापत लाग्ने दस्तुर यस कार्यालयमा नगदै वा कृषि विकास बैक फर्साटिकर शाखामा यस कार्यालयको खाता नं. ०४२४५०११५०२७९०९६ मा जम्मा गरेको बैक भौचर, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन पेश गरी यस कार्यालयबाट खरिद गर्न सकिने छ । साथै, एउटा फर्म वा ब्यक्तिले खरिद गरेको दरभाउपत्र अर्को फर्म वा ब्यक्तिले पेश गर्न पाउने पाइने छैन ।
३. माथि उल्लेखत ठेक्काको कबोल अकंको मू.अ.कर १३ प्रतिशत राजश्व ठेक्का लिने ब्यक्ति, फर्म वा संस्थाले सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा बुझाइ सोको प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ । साथै, उक्त रकम यसै कार्यालयमा समेत बुझाउन सकिने छ ।
४. ठेक्काको दरभाउपत्र सूचना प्रकाशन भएको मितिले १५ औ दिन कार्यालय समय भित्र खरीद गरी १६औ दिन १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिने छ र सोही दिनको २:०० बजे दरभाउपत्र खोलिने छ । प्रतिनिधी उपस्थीत नभएपनी दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने मितिमा बिदा परेमा सो कार्य बिदा पछी कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
५. दरभाउपत्र पेश गर्दा आफुले कबोल गरेको अकंको ५ बर्षको जम्मा भाडा रकमको ५ प्रतिशतले हुन आउने रकम धरौटी यस कार्यालयको नाममा कृषि बिकास बैक फर्साटिकर शाखामा रहेको धरौटी खाता नं. ०४२४५०११५०२७९०४५ मा जम्मा गरि सोको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
६. कबोल रकम अकं र अक्षरमा स्पष्ट गरी लिखएको हुनु पर्ने छ । अकं र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइने छ ।
७. अन्य विषयमा प्रचलित ऐन नियम तथा दरभाउपत्र तथा समझौतामा उल्लेख भए अनुसार हुने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# माथागढीका कर्मचारीमाथि अभद्र व्यवहार गर्नेलाई कारबाही गर्न माग

**सुनिल कार्की/मध्यान्ह**
पाल्पा, २९ असार



पाल्पाको माथागढी गाउँपालिकामा कर्मचारीमाथि भएको दुर्व्यवहारप्रति नेपाल निजामती कर्मचारी युनियन जिल्ला कार्यसमिति पाल्पाले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। गाउँपालिकाको लेखा शाखामा भुक्तानीका लागि ढिला तथा खाता बन्दीको अन्तिम समयमा प्राप्त भएका केही भुक्तानीहरु लेखा प्रणालीमा इन्ट्री गरेता पनि प्राविधिक कारण भुक्तानी प्रक्रिया पूरा हुन नसकेको विषयमा लेखा शाखामा कार्यरत कर्मचारीहरुलाई कार्यकक्षमै थुनछेक गर्ने प्रयास गरेर गालीगलौज, अपशब्द, अभद्र व्यवहार, भौतिक आक्रमण गर्ने प्रयास एवम् ज्यान मार्ने धम्की दिनु अमर्यादित भएको ठहर गर्दै कर्मचारी युनियन पाल्पाले दोषीमाथि कारबाहीको माग गरेको छ। कर्मचारी युनियन पाल्पाका अध्यक्ष रवि अर्यालले एक प्रेस विज्ञप्ति जारी गर्दै जनताको सेवामा खटिई इमान्दारितापूर्वक कार्यसम्पादनमा लागि परेका राष्ट्रसेवक कर्मचारीमाथि कार्यस्थलमा भएको त्यस किसिमका अभद्र व्यवहार, हातपात एवम् अवाञ्छित गतिविधिको घोर निन्दा एवम् भर्त्सना गरिएको बताएका छन्। निजामती कर्मचारीमाथि भएको अमानवीय घटनामा संलग्न दोषीलाई कारबाही नभए कर्मचारी युनियन पाल्पा सशक्त आन्दोलनमा जान बाध्य हुनेसमेत अध्यक्ष अर्यालले जिकिर गरेका छन्।

समस्या समाधाका लागि नीतिगत एवम् प्रणालीगत सुधारको पहल गर्नुको सट्टा सरकारको नीति, निर्देशन तथा कानूनको पालना गरी कार्यसम्पादन गरिरहेका कर्मचारीहरुमाथि लेखा प्रणाली (सफ्टवेर सिस्टम)का कारण भुक्तानी प्रक्रिया पूरा नभएको विषयलाई लिएर जनप्रतिनिधिको संलग्नतामा यस्ता गतिविधिहरु गर्नेलाई आवश्यक कानूनी कारबाहीका लागि माथागढी गाउँपालिका र सम्बन्धित सरोकारवालाहरुसँग कर्मचारी युनियन पाल्पाले माग गरेको छ। साथै सम्पूर्ण कार्यालयहरुमा भरपर्दो शान्ति सुरक्षाको व्यवस्था मिलाएर राष्ट्रसेवक कर्मचारीहरुले भयरहित तवरले कार्यसम्पादन गर्न सक्ने वातावरण सिर्जन गर्न पनि कर्मचारी युनियन पाल्पाले माग गरेको छ।

# फेसन डिजाइनर केन्द्र नेपाल स्थापना, अध्यक्षमा धाख्वा



काठमाडौं/मस- राजेश धाख्वाको अध्यक्षतामा फेसन डिजाइनर केन्द्र नेपाल स्थापना भएको छ। शुक्रबार काठमाडौंस्थित होटल रेडिसनमा आयोजित एक समारोहबीच धाख्वाको अध्यक्षतामा फेसन डिजाइनर केन्द्र नेपाल स्थापना गरिएको हो। ९ सदस्यीय कार्यसमिति रहेको संस्था फरक विचार र आस्था बोकेर फेसन वर्गको हक, हित र पेशा समृद्धिका लागि स्थापना गरिएको अध्यक्ष धाख्वाले बताए। संस्थाको उपाध्यक्ष सरिता तुलाधर, महासिचव मुक्ता श्रेष्ठ, कोषाध्यक्ष अनु श्रेष्ठ र सचिव रमिला नेमकुल रहेका छन् भने सदस्यहरुमा मिशु श्रेष्ठ, सुष्मा सिंह, मनिष राई र बिनि बज्राचार्य रहेका छन्। संस्था स्थापना समारोहमा अध्यक्ष धाख्वाले देशको आर्थिक उन्नति तथा समृद्धिका लागि फेसन डिजाइनर केन्द्र नेपाल मेरुदण्डको रुपमा रहेको बताउँदै यस संस्थाले फेसन उद्योग, फेसन व्यापार, फेसन व्यवसाय, फेसन शिक्षा तथा प्रविधिलगायतका विषयमा आवश्यकीय भूमिका निर्वाह गर्ने बताए।

अध्यक्ष धाख्वाले फेसन व्यवसायसँग सम्बन्धित संस्था तथा व्यक्तिगत विशेषज्ञहरुलाई समेटेर फेसन डिजाइनर उद्योगलाई अझ बढी सशक्तरुपमा लैजाने प्रतिबद्धता जनाए। साथै उनले फेसन डिजाइनर उद्योगमा आवद्ध सबैको हकहित र अधिकारको संरक्षण गर्ने संस्थाको मूल उद्देश्य रहेको बताए। सो अवसरमा संस्थाकी महासचिव श्रेष्ठले संस्थाले गर्ने क्रियाकलाप तथा गतिविधिबारे प्रकाश पारेकी थिइन्। यस्तै उपाध्यक्ष तुलाधरले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत व्यावसायिक आवद्धता तथा सक्रिय उपस्थिति जनाइ नेपाल र नेपालीको इज्जत, मान, प्रतिष्ठाको अभिवृद्धि गराउन संस्था स्थापित भएको बताइन्। समारोहमा सचिव नेमकुलले समाज र संस्कृति नेपाली परिवेशसँग तुलना गर्दै संस्थाको प्रशंसा गरिन्। समारोहमा सम्पूर्ण पदाधिकारीले आ-आफ्नो मन्तव्य राख्दै संस्थाको प्रगतिको कामना गरेका थिए।

# बालाजुमा भानुको सम्झना



**काठमाडौं/मस**-२१० औं आदिकवि भानुभक्त आचार्यको जन्मजयन्ती बालाजु बाइसधारामा कविता वाचनसहित सम्पन्न भएको छ। वाइसधारा भानु कला समुहको सहयोगमा काठमाडौं महानगरपालिका उद्यान तथा हरियाली प्रवर्द्धन आयोजना अन्तर्गत बालाजु वाइसधारा उद्यानमा कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा स्थानीय कवि, कलाकार, साहित्यकार तथा सर्वसाधारणको उल्लेखनिय उपस्थिति रहेको थियो। कार्यालय प्रमुख दामोदर लामाको सभापतित्वमा भएको कार्यक्रमको प्रमुख अतिथि पूर्व राज्यमन्त्री रामवीर मानन्धर थिए। विशेष अतिथिहरुमा काठमाडौं क्षेत्र ७ का सभासद गणेश पराजुली, महानगर १६ का वडा अध्यक्ष मुकुन्द रिजाल, वरिष्ठ साहित्यकार श्रीहरि फुँयाल र विशिष्ठ कलाकार उत्तम केसी रहेका थिए।

कार्यक्रममा उपस्थिति सबैले भानुभक्तको सालिकमा अविर फुलमाला अर्पण गरी कार्यक्रम शुभारम्भ गरिएको थियो। कार्यक्रममा श्रीहरि फ्याल, वैरागी जेठा, रसुबाली कवि ठाकुर तिमिल्सेना, भोजराज न्यौपाने, दिल कुमारी डंगोल, यज्ञराज घिमिरे र वासुदेव गुँरागाई लगायतले आ-आफ्नो रचना वाचन गरेका थिए।

# धारिलो हतियार प्रहार गरी एक युवकको हत्या

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ असार

रौतहटको देवाही गोनाही नगरपालिकामा बिहीबार राति अज्ञात समूहले धारिलो हतियार प्रहार गरी एक युवकको हत्या गरेको छ। देवाही गोनाहीको वडा नं ६ कर्कच कर्मैयाका जगरनाथ साह कानुको धारिलो हतियारले घाँटी रेटेर हत्या भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार आफ्नो घरभित्र सुतिरहेको अवस्थामा हत्या भएको श्रीमतीले थाहा पाएपछि प्रहरीलाई खबर गरेकी थिइन्।

घटनाबारे जानकारी पाएकी मृतककी श्रीमतीको अवस्था ठिक नहुँदा विस्तृतमा सोधपुछ गर्न नसकेको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय गरुडाकाले घटनाको बारेमा आवश्यक अनुसन्धान भइरहेको जनाएको छ

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०४/२४ मा दर्ता भएको **प्रा.लि. नं. १५३४९७** को **कन्चनजंघा पेपर प्रोडक्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०९/२३ मा दर्ता भएको **प्रा.लि. नं. २०६०३२** को **प्रेम पदमा ट्रेडर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/११/२८ मा दर्ता भएको **प्रा.लि. नं. २३६२१३** को **वेदा फार्मेसी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०१/०९ मा दर्ता भएको **प्रा.लि. नं. १४६७३२** को **आस्था एकिकृत कृषि फर्म प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## हुम्ला डायरी
**ओबराज शाही/मध्यान्ह**

# लुकीछिपी भित्रिन थाल्यो चाइनिज रक्सी



हुम्लामा चीनसँगको नाका खुलेसँगै लुकीछिपी चाइनिज रक्सी भित्रन थालेको छ। चाइनिज रक्सी नेपालमा प्रतिबन्ध छ। लुकीछिपी जिल्लामा यस्तो रक्सी भित्रन थालेको हो।

लुकीछिपी चीनबाट ल्याइएको चाइनिज रक्सी जिल्ला प्रहरी कार्यालय हुम्लाले बरामद गरेको छ। दिउँसोकै समयमा जिल्ला सदरमुकामदेखि मध्य क्षेत्रको गाउँपालिका सर्केगाडमा खच्चडलाई बोकाएर ल्याइएको करिब ३ लाख बराबरको चाइनिज रक्सी बरामद गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

खच्चडलाई बोलाएर ल्याउँदै गरिएको ३० कार्टुन जाइनिज रक्सी शुक्रबार हुम्लाको सदरमुकामसँग जोडिएको खार्पुनाथ गाउँपालिका केन्द्र याङचु बजारमा बरामद गरिएको याङचु प्रहरी कार्यालयका सई श्याम राज आर्यालले बताए। उनका अनुसार सदरमुकामबाट सुरक्षाकर्मी छलेर रक्सी आएको हुन सक्ने जनाए। चीनको नाका खोले लगत्तै जिल्लामा चाइनिज रक्सी धेरै आएको हुन सक्ने प्रहरीको आशंका छ।

# बेवारिसे शवको पाँच दिनपछि दाहसंस्कार

हुम्लाको नाम्खा गाउँपालिका-५ को नारा लेकमा बेवारिसे अवस्थामा भेटिएको शवको पोष्ट पाँच दिनपछि दाहसंस्कार गरिएको छ। हालसम्म शव कसको हो भन्ने पत्ता नलागेपछि प्रहरी र गाउँपालिकाको रोहवरमा शुक्रबार कर्णाली नदीमा दाहसंस्कार गरिएको हो।

प्रहरी नायव उपरीक्षक भिमलाल भट्टराईले पोष्टमार्टम गरेको पाँच दिनसम्म पनि आफन्त पत्ता नलागेको कारण प्रहरी र गाउँपालिकाहरुको रोहवरमा शवको दाहसंस्कार गरिएको बताए।

आफन्त पनि पत्ता नलागेका कारण शवलाई त्यतिकै राख्न नसक्ने अवस्थामा रहेको उपरीक्षक भट्टराईले बताए। शवको दाहसंस्कार गर्न नाम्खा, सिमकोट र खार्पुनाथ गाउँपालिकाको आर्थिकमा सहयोग गरेको थियो। गत असार २२ गते उक्त शव नाम्खा गाउँपालिका- ५ को नारा लेकमा बेवारिसे अवस्थामा भेटिएको थियो। स्थानीयले नारा लेकको चोर लाग्नामा शव फेला पारे लगत्तै प्रहरीलाई खबर गरेका थिए। त्यसपछि जिल्लाबाट प्रहरी टोली घटनास्थलमा पुगेर शवलाई जिल्ला अस्पतालमा ल्याएको थियो। अन्दाजी ५६ वर्षको उमेरको शव भारतीय नागरिक हुन सक्ने प्रहरीले अनुमान गरेको छ।

**Cyprus मा बैदेशिक रोजगारको अवसर**
१. कम्पनी: COSTAS THEODOROU, Larnaca, Cyprus
पूर्व स्वीकृती मिति २०८०।०३।२९ | चलानी नं. ६०२०४६२७ | LT.No. 289457

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 15 | कामामा दक्ष | 314 | ४६,३६१।- | ५ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Employee | - | 05 | | 314 | ४६,३६१।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. ३५,०००।- |

अन्तर्वार्ता २०८० श्रावण ६ गते (22 July, 2023) मेनपावर कार्यालय गौशलामा हुनेछ ।
बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- [illegible]
Shalma H. R. Overseas Pvt. Ltd.
Gov. Lic. No. 1111/073/74
Gaushala, KTM. Phone:- 4479525, 4479526, Email:- info@shalmahr.com

**कुवेतमा रोजगार** | कम्पनी: BALACK HORSE MEN SALON
शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०३/२९ | चलानी नं.: ६०२०४६२९ | LT. No.: 289325

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barber | 14 | 0 | स. काममा दक्ष | 150 | ६४,१५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ६ गते (22 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 01-5913045, Mob.: 9823461212, 9841117592, 9822506451
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com

**मलेसियामा रोजगार** | कम्पनी : LADANG ULU NENGGIRI SDN BHD
शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८०/०३/२९ | चलानी नं.: ६०२०४६२८ | LT. No.: 289470

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Oil Palm Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ६ गते (22 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ३४८/०५९/०६०
पो.ब.नं ५६४५, धुम्बाराही, काठमाडौं, नेपाल, फोन: ०१-४५४४९२८, ९७४९८७५४४९

**साउदीमा रोजगार** | कम्पनी: Isnad Employee Operation and Maintenance Company
शहर: Arabia,Riyadh
पूर्व स्वीकृत मिति: २०८०/०३/२९ | चलानी नं.: ६०२०४६२४ | LT. No.: 289397

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 21 | 0 | स. काममा दक्ष | 1000 | ३४,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ६ गते (22 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.
Govt. Lic. No.: 341/059/060
पो.ब.नं.: २३४८९, रिङ्गरोड बसुन्धारा-३, काठमाडौं । फोन नं.: ०१-४९८७६०२, ४९८७६०३,
Mobile: 9806930601,9841996571,9841996572,9841996573
Email : Info@trivenioverseas.com, trivenioverseas.nepal@gmail.com Web:www.trivenioverseas.com

**JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?**
यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।
Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )



## कथा

# बाँसुरीको धुन



■ टीकाराम रेग्मी

बसन्त पञ्चमीको दिन । सरस्वती पूजाको कार्यक्रममा सरिक गराएपछि विद्यार्थीहरूलाई बिदा दिई घर पठाउने तरखरमा थिए शिक्षकहरू । पूजा गराउन आएका गुरुले प्रधानाध्यापकलाई भने, “महासय, यी बाबुनानीहरूलाई यसै घर पठाउनुभन्दा अलिकति पर एउटा मन्दिर छ । त्यहाँसम्म पुऱ्याएर फर्काउँदा उपयुक्त हुन्थ्यो कि !”

गुरुको कुरा सुनेका विद्यार्थीहरू रमाउँदै थिए । “के भो त ? आज नानीबाबुहरूले प्रसाद ग्रहण गरेकै छन् । लैजाऊँ न त ।” यसरी उनीहरू गुरुजीले भन्नुभएको मन्दिरमा बालबालिकालाई दर्शन गराएर फर्कँदै थिए । दुईतिर हरियालीले ढपक्कै ढाकिएका पहाड निलो पानी कलकल गर्दै बगेको तीव्रगतिको नदीलाई काखमा राखेर उभिएका थिए । धेरै समयपछि भेटिएका दिदीबहिनी मायालु वार्ता गर्न निहुँरिए झैं देखिने पहाडका चुचुराले वातावरणलाई अत्यन्त मोहक बनाएको थियो । यस प्राकृतिक सौन्दर्यबाट मोहित केटाकेटी तथा शिक्षकहरू टोलाएर हेर्दै थिए । त्यसै स्थानमा एउटा चौतारी देखे । फूर्तिला केटाकेटीहरू रमाउँदै यताउता फराकफुरुक गर्दैथिए । “आहा, सुन्दर चौतारीमा बाबुनानीहरूलाई एकछिन् रमाउँने समय दिऊँ कि !” भन्दै थिए शिक्षकहरू, बालबालिका भने निर्णयअघि नै चौतारीमा गएर बसिसकेका थिए । शिक्षकहरू पछि लागे ।

केही समय रमाएपछि उनीहरू उठेर हिंड्न मात्र लागेका थिए, शान्त मुद्रामा बजाइएको बाँसुरीको स्वर सुनियो । उठिसकेका तिनका पाइला टक्क अडिए र शिर ठाडा पारे, आँखा यताउता घुमाउन लागे, मधुर स्वर सुन्न कान एकाग्र पार्न लागे । कान हुँदै प्रविष्ट धुनले हरेकको मस्तिष्क तान्न थाल्यो । स्वरको आवाज बिस्तारै-बिस्तारै चर्को हुँदै थियो चेलाचेली तथा शिक्षकहरू कृष्णको बाँसुरी-धुनमा लट्ठ राधाको एकाग्रताका अनुयायी हुन लागे । अचानक उक्त स्वर मानव स्वर हुँदै अभिव्यक्तिमा फेरियो ।

“शिक्षार्थीहरू, मन्दिरमा पूजा गरेर फर्कनु भयो । यहाँहरूलाई नमन । म त कहीं जान सक्दिनँ ।” बाँसुरीको स्वर मानव ध्वनिमा सुनिन थालेपछि शिक्षक विद्यार्थीहरू कोही बोल्दै छ, को होला त्यो ? भन्ने कौतुहल शान्त पार्न यताउता हेर्न लागे । केही देखिनुको सट्टा आवाजले मात्र निरन्तरता लियो । उताबाट देखिन्छ होला भन्ने सोच्दै उनीहरू चौतारीबाट अलिक पर बसेर सुन्न लागे ।

“केही दिन मात्र अघिको कुरा हो । यही दुर्गम स्थान, देख्नुभयो कति एकान्त छ । चौराहा पनि देखिरहनु भएको छ । चौराहा भएपछि मानव चहलपहल हुनुपर्ने हो । तर देखिहाल्नु भयो, छैन ।” चौतारीमा घोप्टी परेर भावबिह्वल अवस्थामा बसेको महिला-आकृति देखा पऱ्यो । विस्तारै विस्तारै उक्त आकृति अलिक प्रष्ट देखिँदै गएजस्तो लाग्थ्यो । सेतो पोसाक भएकाले उनी नर्स पो थिइन् कि भन्ने अन्दाज गर्न सकिन्थ्यो । मानिसहरूको आवागमन अत्यन्त बिरलै हुने यस दुर्गम स्थानको चौतारीमा एउटी नर्स त्यस अवस्थामा देखिनु स्वाभाविक थिएन । ‘के कामले पुगिहोलिन् र त्यस निर्जन स्थानमा ?’ भन्ने जोसुकैलाई पनि लाग्न सक्थ्यो ।

हेर्दाहेर्दै एउटा मानव कंकाल आएर सोही महिला कंकालका अगाडि ठिङ्ग उभियो । निकै लामो समय निहुँरिएर हेरिरह्यो । बिस्तारै उक्त कंकाल फनफनी घुम्दै घरि यताबाट, घरि उताबाट, घरि दायाँतर्फबाट घरि बायाँतर्फबाट हेर्न लाग्यो । सायद उसले महिला आकृतिको अनुहार पहिचान गर्न पो खोजेको थियो कि ! वा अरू नै केही उद्देश्य थियो । यी त कल्पनातीत थिए । अनुसन्धाताहरू कतै त्यसै रहस्यको उत्खननमा घोत्लिरहेका पनि हुन सक्थे । उक्त कंकाल पुनः अघिकै स्थितिमा निहुरी परेर उभिन आइपुग्यो ।

